म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८० शनिबार १० कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 26 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शिवम् सिमेन्ट उद्योगमा एक मजदुर घाइते

हेटौंडा, ९ कात्तिक/हेटौंडा उपमहानगरपालिका-१६ स्थित शिवम् सिमेन्ट उद्योग लिमिटेडमा कार्यरत एक मजदुर मेसिन मर्मत गर्ने क्रममा घाइते भएका छन् ।

उद्योगको मेशिन मर्मतको क्रममा भारतको बिहार राज्यको गोपालगञ्जका बासिन्दा ४० वर्षीय सिकन्दर माझी घाइते भएका हुन् । अचानक मेसिनबाट लड्दा उनी घाइते भएका हुन् । घटनामा माझीको टाउको र दाहिने हातमा चोट लागेको छ ।

उनलाई तुरुन्तै हेटौंडास्थित चुरेहिल अस्पतालमा उपचारका लागि ल्याइएको थियो । उनको अवस्था मध्यम रहेको अस्पतालले जनाएको छ । घाइते मजदुरको उपचारमा शिवम् सिमेन्ट उद्योगका प्रबन्धक रामकुमार कँडेल र माझीका भाइ अशोक माझी संलग्न रहेका छन् ।

# कारबाही माग्दै सिस्नेरी पहिरोपीडित खेलाडीका परिवारले भेटे प्रधानमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/मकवानपुरको उत्तरीक्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा ६ जना विद्यार्थी खेलाडीको पहिरोले पुरिएर मृत्यु भएको घटनाको छानबीन माग गर्दै दोषिलाई कारबाही गर्न परिवारले सरकारको ध्यानाकर्षण गराएका छन् ।

मृतक बाल खेलाडीको परिवारले शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर घटनाको छानबीन गर्न उच्चस्तरीय छानबीन आयोग गठनको माग गरेका छन् । सरकारसँग क्षतिपूर्तिलगायत मृतकको नाममा रंगशाला र अक्षयकोष स्थापनासम्म ६ बुँदामा परिवारले माग राखेको छ ।



गत १२ असोजमा इन्द्रसरोबर-३, सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ४० जना खेलाडीमध्ये ६ जनाको बिहान ६ बजे पहिरोले पुरिएर मृत्यु भएको थियो । कुलेखानी जलविद्युत केन्द्रबाट साढे ५ बजे दुई वटा ढोका खोलेर पानी छोडेपछि कुलेखानी खोलामा बाढी आएकाले खोला छेउको एकेडेमी भवनबाट टेकर गाउँतर्फ जान लाग्दा पहिरोमा पुरिएका थिए ।

पहिरोमा पुरिएर सर्लाहीका १३ वर्षीय आदित्य बलमपाकी, काठमाडौं कलंकीका ११ वर्षीय प्रियान्स आचार्य, मकवानपुर हेटौंडाका १४ वर्षीय अनुपम घलान, मकवानपुरगढी घरभएका १४ वर्षीय साईमन योञ्जन, बारा निजगढका १४ वर्षीय विकल रेग्मी र मकवानपुर सिस्नेरीका १४ वर्षीय दिवस बानियाँको मृत्यु भएको थियो ।

दु:खद् र भयानक घटना लापरबाहीका कारण सिर्जना भएको परिवारको ठहर छ । मृतक परिवारले नेपाल विद्युत प्राधिकरण, एकेडेमी सञ्चालक अखिल नेपाल फुटबल संघ (एन्फा) र एकेडेमीको यवस्थापकीय जिम्मेवारी लिएको बत्सलादेवी माविको ब्यवस्थापन समितिका कारण घटना हुन पुगेको जिकिर गरेको छ । मृतक हेटौंडाका अनुपम घलानका बाबुसमेत रहेका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले दोषिमाथि कारबाही माग गर्दै सरकारको ध्यानाकर्षण गराइएको बताए ।

६ जना बाल फुटबल खेलाडीको एकै थलोमा असामयिक देहावसान भएको विषय नेपालको खेलकुद इतिहासमा दु:खद घट्ना भएको बताउँदै घलानले दोषि उम्किन नदिन सरकारसँग अनुरोध गरे । जवाफमा प्रधानमन्त्रीले घटनाको छानबीन गरेर दोषिमाथि कारबाही गर्ने प्रतिबद्धता जनाएको घलानले बताए । 'दिवंगत साना उमेरका खेलाडीको सुरक्षा र रेखदेख हुन नसक्नुका कारणतर्फ व्यापक चासो हुनु स्वाभाविक हो । यसर्थ: बाल खेलाडीको उद्दार गर्न र पूर्व होशियारी अपनाउन के कुन कारणले बाधा परेको हो ? भन्ने विषयमा छानबीन गरेर दोषिउपर कारबाही हुनुपर्छ' घलानले भने ।

'यस्ता दु:खद् र भयानक घटना पुन: दोहोरिन हुँदैन । यस्ता चरम लापरबाहीतर्फ आँखा चिम्लने हो भने पुन: यस्ता पीडादायी घटना परिघटनाहरु नदोहोरिएला भन्न सकिँदैन ।' मृतकका परिवारले प्रधानमन्त्रीलाई बुझाएको ध्यानाकर्षण पत्रमा भनिएको छ । प्राधिकरण, एकेडेमी तथा व्यवस्थापन पक्षले पूर्व होशियारी अपनाएको भए यस्तो दु:खद् घटना नहुने परिवारको भनाई छ । परिवारले नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पनि ध्यानाकर्षण गराए ।

मृतकका परिवारले सरकारसँग मृतक खेलाडीको स्मृतिमा खेल आयोजना गर्न अक्षयकोष स्थापना गरी अक्षयकोषमा पर्याप्त रकमको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । एन्फा कम्प्लेक्स भवनको कम्पाउण्डभित्र मृतक खेलाडीका प्रतिमा निर्माण, मृतक खेलाडीको नाममा एन्फाको स्वामित्वमा सुविधायुक्त फुटबल एकेडेमी बनाउन परिवारले माग राखेको छ ।

एन्फाबाट संचालित कार्यक्रम उपयुक्त पूर्वाधारहरु भएको भौगोलिक स्थान, स्वास्थोपचार, सडकलगायतका सहज पहुँच हुनेगरी संचालन गर्न, मृतक बाल खेलाडीको स्मृतिमा प्रत्येक वर्ष राज्यको तर्फबाट राष्ट्रव्यापी फुटबल खेल सञ्चालन गर्न, मृत्यु हुनेहरुको लागि उचित क्षतिपूर्तिको व्यवस्था गर्दै घाइतेको उपचार र घरबार विहीन भएका परिवारलाई यथाशीघ्र पुनर्स्थापनाको व्यवस्था गर्न परिवारले माग राखेका छन् ।

**बिपद्को पूर्वसूचनालाई बेवास्था गर्दा गम्भीर दुर्घटना**

१२ असोज शनिवार बिहान ६ बजेको थियो । सिस्नेरी स्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ४० जना बालकसहितको टोलीलाई सुरक्षित स्थानतर्फ जान भनियो ।

जाँदाजाँदै ९ जना माथि पुगेर उनीहरु जोगिए । बीचमा रहेका ६ जनालाई पहिरोले पुरेको थियो । पछाडि रहेका अरु पनि बाँच्न सफल भए । विगत ६ महिनादेखि सिस्नेरीमा नियमित फुटबल सिक्दै आएका ६ जना बालकको ज्यान मात्रै गुमेन, फुटबलर बनेर देशको लागि खेल्ने कलिलो सपना पनि चुडिँएको छ ।

कुलेखानी जलविद्युत केन्द्रको जलाशय भरिएर जुनसुकै बेला ढोका खोल्नुपर्ने सूचना अघिल्लो दिन अर्थात् शुक्रबार अपरान्ह नै दिएको थियो ।

कुलेखानी प्रथम जलविद्युत केन्द्रको पत्राचारपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, इन्द्रसरोबर गाउँपालिका र जिल्ला प्रशासन कार्यालय मकवानपुरले शुक्रबार एकसाथ कुलेखानीको जलाशय भरिन लागेकाले जुनसुकै बेला ढोका खोलेर पानी छोड्नुपर्ने भन्दै तल्लो तटीयक्षेत्रमा सतर्कता अपनाउन अपिल गरेका थिए ।

कुलेखानीले अघिल्लो दिन नै तल्लो तटीयक्षेत्रमा उच्चसतर्कता अपनाउन सूचित गरेपनि कुलेखानी खोलासँगै जोडिएको बत्सलादेवी माविको एन्फा एकेडेमीका ४० जना बालकलाई रातभर विद्यालयमै राखिएको थियो । कुलेखानीले सूचना दिइरहँदा पनि बालकलाई सुरक्षित ठाउँमा नलगेको विषयमा विद्यालय व्यवस्थापन समिति र अखिल नेपाल फुटबल संघ (एन्फा)को चर्को विरोध भइरहेको छ । कुलेखानीको सूचनालाई विद्यालय व्यवस्थापन समितिले बेवास्था गरेको पाइएको छ ।

# मकवानपुरमा कुपोषण रोकथामको चुनौती

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/मकवानपुरमा कुपोषण रोकथाम चुनौती बनेको छ । यद्यपि कुपोषणको शिकार बनेका बालबालिकाले उपचारपछि स्वाथ्यलाभ गरेका छन् । जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख कृष्णबहादुर मिजारका अनुसार आर्थिक वर्ष २०८०/८१ मा फेलापरेको कडा कुपोषित बालबालिकामध्ये ४९ प्रतिशत बालबालिका उपचारपछि निको भएका छन् ।



आव २०८०/८१ मा कडा कुपोषित एकसय ३३ बालबालिकामध्ये उपचारपछि ५९ जना स्वास्थ्यलाभ गरेर घर फर्किएका छन् । कडा कुपोषितमध्ये नौ बाबालिकाका अभिभावकले आफूखुशी घर फर्काएर लगेको र बाँकी बालबालिकाको अझै उपचार भइरहेको छ । अघिल्लो आव २०७९/८० मा कुपोषित एक सय ३१ जना बालबालिकाको उपचार गरिएकामा ४८ प्रतिशत बालबालिका निको भएर घर फर्किएका थिए । कुपोषित बालबालिकाको खोजी गरेर उपचार गर्न जिल्लामा २१ वटा स्वास्थ्य संस्थामा उपचार केन्द्र (ओटिसी सेन्टर) स्थापना गरेर उपचारात्मक तयारी खाना (पोषिलो खाना) कार्यक्रम सञ्चालन भइरहेको प्रमुख मिजारले बताए ।

उनले मकवानपुरमा कुपोषित बालबालिकाको संख्या बर्सेनि बढ्दै गएको बताए । पोषिलो खाना नपाएका कारण बालबालिकामा कडा खालको कुपोषण हुने गरेको उनले बताए । पोषण सुधार गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन भइरहेको उनले बताए । गर्भवती र दुई वर्षमुनिका बालबालिकाको पोषण सुधार गर्न एकीकृत पोषण कार्यक्रम सञ्चालनमा छ । 'जिल्लामा सञ्चालित २१ वटा ओटिसी सेन्टरमा जाँच हुन्छ, जाँचका क्रममा कडा कुपोषण भएका बालबालिकाको उपचार गर्ने गरेका छौँ', प्रमुख मिजारले भने, 'हेटौंडा अस्पताल परिसरभित्र स्थापना गरिएको पोषण पुन:स्थापना गृह (एनआरएच) मा बालबालिकालाई पोषणायुक्त खानासँगै उपचार हुन्छ ।' कार्यक्रमले गर्भवती र दुई वर्षमुनिका बालबालिकाको पोषणमा सुधार ल्याएको उनको भनाई छ ।

मकवानपुरमा जन्मिएको १२ महिनाभित्र बालबालिकाको तौल लिनेको संख्या बढेको छ । दुई वर्षभित्रका बालबालिकाको कम्तिमा २४ पटक वजन मापन गर्नुपर्नेमा दुई वर्षमा पाँचपटक मात्र बालबालिकाको वजन मापन हुने गरेको प्रमुख मिजारले बताए । आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा बालबालिकाको तौल गराउनेको संख्या बढेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । आव २०७९/८० मा कम तौल भएको बालबालिका दुई प्रतिशत रहेकामा आव २०८०/८१ मा त्यो एक प्रतिशतमा झरेको छ ।

# थाहाको एउटै वडामा ५ वटा झोलुङ्गे पुल बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/मकवानपुर थाहा नगरपालिका वडा नम्बर ८ मा मात्र ५ वटा झोलुङ्गे पुल निर्माण हुने भएको छ । झोलुङ्गे पुल निर्माणको लागि ७ र ८ कार्तिकमा यातायात पूर्वाधार निर्देशनालय बागमती प्रदेशबाट सर्भेक्षण भएको छ ।

निर्देशनालयका कार्यक्रम संयोजक प्रकाश हमालको नेतृत्वमा प्राविधिक राजीव थापलगायतको टोलीले साविक आग्रामा पर्ने ८ नम्बर वडाका विभिन्न पाँच स्थानमा झोलुङ्गे पुलको सर्भे गरेको हो । प्राविधिकटोलीले बारमुरे मूलखोला छाप झोलुङ्गे पुल, खानीगाउँ काभ्रे झोलुङ्गे पुल, किट्टेडाँडा जन्तीबसे झोलुङ्गे पुल, आकाशे फाँट देउखेल झोलुङ्गे पुल र मोरिया सुलिकोट देउखेल झोलुङ्गे पुलको सर्भे गरेको थाहा नगरपालिका ८ नम्बर वडाध्यक्ष हेमकुमार थिङले जानकारी दिए ।

# सेनाको रक्षा संवाददाता अभिमुखीकरण तालिमको समापन

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/मकवानपुरमा रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम (डीसीओपी) सम्बन्धी पाँच दिने तालिम सम्पन्न भएको छ । नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयको आयोजनामा गत कात्तिक ४ गतेबाट सुरु भएको तालिम बिहीबार सम्पन्न भएको हो ।

भीमफेदी गाउँपालिका-१ स्थित मध्यपृतना हेडक्वाटर सुपारेटार ब्यारेकमा भएको तालिममा मध्यपृतनाको जिम्मेवारी क्षेत्र अन्तर्गतका मकवानपुर, धादिङ, चितवन, रसुवालगायत जिल्लाबाट १५ जना सञ्चारकर्मीले सहभागिता जनाएका थिए । तालिममा नेपाली सेनाको शान्ति स्थापनामा योगदान र अन्तर्राष्ट्रिय मिशनमा भूमिका, सेनाको भर्ती प्रक्रिया, महिला सहभागिता र राष्ट्रिय सुरक्षा नीतिबारे सेनाले देशभित्रका सुरक्षा चुनौती समाधान गर्न अपनाएको संरचना र रणनीतिबारे विस्तृत जानकारी गराइएको थियो ।

तालिमको अवसरमा सेनाका अधिकारी र सञ्चारकर्मीबीच मैत्रीपूर्ण फुटसलको आयोजना गर्नुका साथै सञ्चारकर्मीलाई चितवन राष्ट्रिय निकुञ्जको (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष), एतिहासिक मकवानपुरगढी र तराई-मधेस-द्रुतमार्ग परियोजनाको अवलोकन गराइएको थियो । तालिमको मध्यपृतनापति उपरथी प्रदीपजङ्ग केसीले समापन गरेका थिए । उनले राष्ट्रको सुरक्षादेखि राष्ट्रिय एकतासम्मका विविध क्षेत्रमा सेनाको भूमिकाबारे चर्चा गरेका थिए ।

उनले राष्ट्र निर्माण र विकासमा सेनाले खेलेको भूमिका अझ प्रभावकारी बनाउन सञ्चार कर्मीको सहयोग आवश्यक रहेको औंल्याउँदै सेनाको जिम्मेवारी र कार्यप्रणालीको सही जानकारी आमजनतासम्म पुर्‍याउन सञ्चार कर्मीको महत्वपूर्ण भूमिका रहेको बताए । यस्तै, नेपाली सेनाको कार्यप्रणाली, संगठनात्मक संरचना र भूमिकाबारे नजिकबाट नियाल्ने मौका मिलेको भन्दै सेनाको कार्यशैली र योगदानबारे जनतासमक्ष प्रत्यक्ष जानकारी गराउन आगामी दिनमा पनि सञ्चारकर्मी र नेपाली सेनाको समन्वय आवश्यक रहेको तालिममा सहभागी सञ्चारकर्मीले बताएका थिए ।

समापन कार्यक्रमको प्रमुखअतिथि समेत रहेका मध्यपृतनापति उपरथी केसीले तालिममा सहभागीलाई प्रमाणपत्र हस्तान्तरण गरेका थिए । तालिममा महत्वपूर्ण सहयोग पुर्‍याएको भन्दै उनले मेजर बासु थापालाई पनि मायाको चिनो प्रदान गरेका थिए ।

# पाञ्चायन सहकारीमा लामा निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/पाञ्चायन बचत तथा ऋण सहकारी संस्थाको १५ औं वार्षिक साधारणसभा तथा छैठौं अधिबेशनबाट अध्यक्षमा अक्कलसिंह लामा निर्वाचित भएका छन् ।

निर्वाचन प्रक्रियबाट सचिवमा गोकर्ण सुवेदी, कोषाध्यक्षमा विज्ञान रिमाल निर्वाचित भएका छन् । सहकारीका अध्यक्ष प्रेमलाल श्रेष्ठको अध्यक्षतामा भएको साधारण सभाको दिब्यतारा बहुउद्देसीय सहकारी संस्थाका अध्यक्ष तथा पाञ्चायन बचत तथा ऋण सहकारी संस्थाका संस्थापक डा. गणेश लामाले उद्घाटन गरेका थिए ।

मकवानपुरको पहिलो बित्तीय संस्था यती फाइनान्स कम्पनीका संस्थापक मुक्तिगोबिन्द बैद्य, साहित्यकार एबम् युसेस साकोसका उपाध्यक्ष ह्यग्रीब आचार्य, सर्बोत्तमसंचिती साकोसका सल्लाहकार हरि वाग्ले, नमस्ते साकोसका अध्यक्ष नवराज खनाललगायतले सहकारीमा देखिएका समस्याको चर्चा गर्दै सेयरसदस्य आफैं सचेत बन्न आग्रह गरेका थिए ।

साधारणसभामा ज्येष्ठ नागरिक बचततर्फ बिमलादेबी ठकाल, बालबचत (खुत्रुके) तर्फ दिब्यांश ताम्राकार, असल बचतकर्ता तर्फ ईन्द्रदेव साह, आवधिक बचततर्फ सरिता बलामीलाई नगदसहित सम्मान गरिएको थियो । सहकारीका अध्यक्ष श्रेष्ठले प्रस्तुत गरेको वार्षिक प्रगति प्रतिबेदन, सचिव अक्कलसिंह लामाले प्रस्तुत गरेको प्रतिबेदन, कोषाध्यक्ष बिज्ञान रिमालले प्रस्तुत गरेको आर्थिक प्रतिबेदन, ज्ञानेन्द्र बर्तौलाले प्रस्तुत गरेको ऋण समितिको प्रतिबेदन साधारणसभाबाट पारित भएको थियो ।

# पुलबाट हाम फाल्दा एक युवक गम्भीर घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/बागमती गाउँपालिका-८, भुबनचुली चौराखोलास्थित कालीखोला पुलबाट हाम फाल्दा एक युवक गम्भीर घाइते भएका छन् ।

मादकपदार्थ सेवन गरेका बागमती गाउँपालिका-८, साततले बस्ने अन्दाजी २० वर्षका पेमा नेगीले कालीखोलाको पुलबाट (१०/१२ मिटर उचाइमा) हाम फालेपछि घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

घटनास्थलमा पुगेको प्रहरीटोलीले प्रारम्भिक अध्ययन अनुसार नेगीको बाँया खुट्टा भाँचिएको र दायाँ खुट्टा तथा निधारमा चोट लागेको पाइएको छ ।

उनको मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । उनको अवस्था मध्यम रहेको बताइएको छ । उपचारका क्रममा नेगीको दिदी विष्णुमाया पाखिन समेत संलग्न रहेकी छन् ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google


## विज्ञान/प्रविधि

# सामसुङले ल्याउँदैछ ३ पटक फोल्ड गर्न मिल्ने अनौठो स्मार्टफोन

सामसुङको फोल्ड गर्न मिल्ने स्मार्टफोन क्ककगलन ‘यमिका विभिन्न ह्याण्डसेट बजारमा उपलब्ध छ । अब चाहिँ कम्पनीले तीन पटक फोल्ड गर्न मिल्ने स्मार्टफोन अर्थात् त्चष-ायमि स्मार्टफोन पनि ल्याउँदैछ । एन्ड्रोइड पुलिस पोर्टलका अनुसार सामसुङले आउँदो वर्ष सो स्मार्टफोन बजारमा ल्याउने योजना बनाएको छ ।

चिनियाँ कम्पनी हुवावेले एक महिनाअघि मात्रै विश्वमै पहिलोपटक ट्राइफोल्ड स्मार्टफोन हुवावे मेट एक्सटी लञ्च गरेको थियो । सामसुङले अब हुवावेको उक्त स्मार्टफोनसँग ट्राइफोल्ड स्मार्टफोनको बजारमा पनि प्रतिस्पर्धा गर्ने तयारी गरिरहेको छ ।

हुवावेले ट्राइफोल्ड स्मार्टफोन सार्वजनिक गरिसकेको भएपनि यो विश्व बजारमा हालसम्म उपलब्ध गराइनसकेको हुँदा बजारमा आउनेमा सामसुङकै फोन पहिलो हुनसक्ने सम्भावना पनि छ । कम्पनीले ट्राइफोल्ड स्मार्टफोनका लागि काम सुरु गरिसकेको छ । रिपोर्ट अनुसार सन् २०२५ मा सामसँगको उक्त फोन लञ्च हुनेछ । कम्पनीको डिस्प्ले शाखाको तर्फबाट ट्राइफोल्ड स्क्रिनको विकासको काम भैसकेको छ । यद्यपि फोन लञ्च गर्न आधिकारिक मिति भने सार्वजनिक भएको छैन ।



हुवावेको मेट एक्स टी अलिहेको एक्लो ट्राइफोल्ड स्मार्टफोन भएता पनि यो चीन बाहिर उपलब्ध छैन । अमेरिकाले प्रतिबन्ध लगाएसँगै हुवावेले अन्तराष्ट्रिय बारमा नगन्य रुपमा फ्लागसीप फोन लञ्च गर्ने गर्दछ । त्यसैले अर्को वर्ष सामसुङले ट्राइफोल्ड फोन लञ्च गर्दा त्यो नै विश्व बजारमा लञ्च हुने पहिलो ट्राइफोल्ड फोन बन्नेछ ।

स्मरण रहोस् हुवावे मेट एक्सटीमा ६.४ इन्चको ओएलइडी डिस्प्ले छ, जसलाई अनफोल्ड गर्दा १०.२ इन्चको बन्दछ । यसको स्क्रिन दुई ठाउँबाट फोल्ड गर्न सकिन्छ र स्क्रिन ३ पटक दोब्रिन्छ ।

हुवावे मेट एक्स टीमा ५० मेगापिक्सेलको मुख्य क्यामेराका साथै १२ मेगापिक्सेल अल्ट्रावाइड एंगलयुक्त सेकेन्डरी क्यामेरा पनि छ । तेस्रो क्यामेरा चाहिं १२ मेगापिक्सेलको टेलिफोटो लेन्सयुक्त क्यामरा छ । यो फोन ५६०० मिलि एम्पियर आवरको सिलिकन कार्बन ब्याट्री रहेको छ ।

## स्वास्थ्य

# गर्भपतनपछि के-कस्ता कुरामा सावधानी अपनाउने ?

कुनै समस्या आएर गर्भपतन गर्नु परेमा महिला शारीरिक तथा मानसिक पीडाबाट गुज्रिनुपर्छ । गर्भमा शिशुको विकास हुँदै जाँदा जति हेरचाह गरिन्छ, उत्तिकै हेरचाह गर्भपतन गराएकी महिलालाई पनि गर्नुपर्ने हुन्छ । यस्तो बेला परिवारको साथ अझै जरुरी छ ।



**गर्भपतनका के-कस्ता विधि छन् ?**

गर्भपतनका लागि दुई विधि प्रचलनमा छन्- औषधिबाट र भ्याक्युम एस्पिरेसन (एमभीए) ।

**औषधि**

भ्रुण तीन महिना वा सो भन्दा कम समयको भएमा चिकित्सकको सिफारिसमा औषधि सेवनपछि गर्भ खेर जान्छ । ती औषधिले गर्भावस्थालाई विकसित हुनबाट रोक्छ । औषधि खाएको केही समयपछि रक्तस्राव हुन थाल्छ ।

**म्यानुअल भ्याक्युम एस्पिरेसन (एमभीए)**

भ्रुणको अवधि तीन महिना नाघेको अवस्थामा गर्भपतन गराउनु परेको अवस्थामा म्यानुअल भ्याक्युम एस्पिरेसन (एमभीए)बाट मात्र सम्भव हुन्छ ।

गर्भमा बच्चा बढिरहेको छैन वा बच्चामा गम्भीर समस्या देखा पर्ने अवस्थामा गर्भपतन गर्न सल्लाह दिइन्छ । तर पाँचौं महिनापछि गर्भपतन गरेमा अवस्था गम्भीर हुनसक्छ ।

**के-कस्ता समस्या देखिन्छन् ?**

वास्तवमा, गर्भपतनपछि रक्तस्राव हुने जोखिम अत्यधिक हुन्छ । शल्यक्रियाको तुलनामा औषधि दिएर गर्ने गर्भपतनमा र क्तस्रावको जोखिम बढी हुन्छ । यो रक्तस्राव १० दिनभन्दा कम वा सो भन्दा बढी समयसम्म हुनसक्छ । जबकि एस्पिरेसन गरिएको गर्भपतनमा रक्तस्राव बिस्तारै कम हुँदै जान्छ ।

रक्तस्राव बाहेक ढाड, खुट्टा, कम्मर दुख्ने, पखाला, बान्ता, कमजोरी, थकान हुन सक्छ । कहिलेकाहीं गर्भाशयमा राम्रोसँग सफा भएको छैन भने संक्रमण भएर आईसीयूमै भर्ना गर्नुपर्ने हुनसक्छ ।

**गर्भपतनपछि आफ्नो हेरचाह कसरी गर्ने ?**

**पौष्टिक खानेकुरा र सप्लिमेन्ट**

गर्भपतन गर्दा महिलाले अत्यधिक रक्तस्रावको सामना गर्नुपर्ने हुन्छ । जसकारण रक्तअल्पता (एनिमिया) हुने खतरा रहन्छ । शरीरमा रगतको कमी पूर्ति गर्न पौष्टिक खानेकुरा खानुपर्छ ।

साथै भिटामिन सीको सेवनले शरीरमा आइरनको अवशोषण पनि बढाउँछ । यसले बिरामीको रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ । चिकित्सकले भिटामिन डी र आइरनको सप्लिमेन्ट पनि दिन सक्छन् । जुन चिकित्सकले सुझाएअनुसारको मात्रा नियमित खानुपर्छ ।

पालुङ्गो, चुकन्दर, खजुर, सागसब्जी, फलफूल, ड्राइफ्रुट, माछामासुले शरीरमा र गत बढाउन र तागत दिन मद्दत गर्ने हुँदा यी खानेकुरा खान सकिन्छ । तर जंक, प्रशोधित खाना, चिनीयुक्त पेय पदार्थ नखानु उचित हुन्छ ।

**झोलिलो खानेकुरा खाने, प्रशस्त पानी पिउने**

गर्भपतन गरेको अवस्थामा बारम्बार बान्ता र पखालाको लक्षणले शरीरमा थकान र कमजोरी बढाउँछ । वास्तवमा, शरीरमा इलेक्ट्रोलाइट्सको कमीले यो समस्या बढाउँछ । यस्तो अवस्थामा शरीरलाई हाइड्रेटेड राख्न प्रशस्त पानी पिउनुपर्छ ।

**भारी वस्तु उठाउनु हुँदैन**

गर्भपतनपछि महिलाले भारी वस्तु उठाउनु हुँदैन । वास्तवमा रगतको कमीका कारण शरीरमा कमजोरी बढ्छ र ढाड दुख्ने समस्या पनि रहन्छ । यस्तो अवस्थामा दुई हप्तासम्म कसरत नगर्न पनि सल्लाह दिइन्छ । भारी सामान उचाल्दा वा शारीरिक गतिविधि गर्दा रक्तस्राव हुने खतरा हुन्छ ।

**शरीरलाई आराम दिने**

रक्तस्राव बढी हुँदा शरीरका मांसपेशी तथा जोनीहरु दुख्छन् । यस्तो अवस्थामा तातो पानीले दुखेको ठाउँमा सेक्न सकिन्छ । मांसपेशीको दुखाइबाट राहत पाउन तेलले मसाज गर्नु पनि फाइदाजनक हुन्छ । यसबेला शरीरलाई आराम दिनुपर्छ ।

**परिवारको सहयोग**

गर्भपतनपछि महिलाले मानसिक तनावको सामना गर्नुपर्ने हुन्छ । यो समस्या समाधान गर्न परिवारका सदस्यको सहयोग लिनु उपयुक्त हुन्छ । जसले गर्दा तनावको अवस्थाबाट बाहिर आउन सक्छन् । शरीरमा हर्मोनल परिवर्तनका कारण डिप्रेसन, उदासी र चिन्ता बढ्छ । यस समस्याबाट बाहिर आउन परिवारको सहयोग आवश्यक हुन्छ ।

**अर्को सन्तान कहिले ?**

गर्भपतन गरेको तीन महिनापछि गर्भधारणको योजना बनाउन सकिन्छ । यदि ६ महिनापछि गर्भपतन भएमा एक वर्षको अन्तर आवश्यक हुन्छ । सामान्यतया गर्भपतन गरेको आठ हप्तापछि परिवार नियोजनपछि मात्र यौन सम्पर्क राख्न सकिन्छ ।

तर शल्यक्रिया गरेको केही दिनमा यौन सम्बन्ध राख्दा महिलालाई पीडा हुने त छँदैछ, ब्याक्टेरियल संक्रमणको जोखिम उच्च हुन्छ ।

**स्वास्थ्य परीक्षण**

गर्भपतनपछि एकपटक शरीरमा केही परिवर्तन महसुस भए स्वास्थ्य परीक्षण गराउन सकिन्छ । यो जाँचमा जाँदा चिकित्सकले सप्लिमेन्ट मात्र दिंदैनन् । केही समयका लागि गर्भधारण रोक्न गर्भनिरोधकको प्रयोग सम्बन्धी जानकारी पनि दिन्छन् ।

**गर्भपतनपछिको महिनावारी**

गर्भपतनपछि चारदेखि आठ सातामा महिनावारी चक्र सुरु हुन्छ । सुरुको महिनावारीमा रक्तस्राव बढी हुने र दुखाइ धेरै हुनसक्छ । सामान्य अवस्थामा फर्किन केही समय लाग्छ ।


**गर्भपतन कस्तो संस्थामा गराउने ?**

सबैजसो सरकारी अस्पतालमा गर्भपतनको सेवा उपलब्ध छ । केही निजी स्वास्थ्य संस्थाले पनि गर्भपतनको सेवा दिने गरेका छन् । तर जथाभावी गर्भपतन गराउनु असुरक्षित हुन्छ । त्यसैले गर्भपतन सेवा दिने संस्था र चिकित्सक वा स्वास्थ्यकर्मी दुवै सूचीकृत हुनुपर्छ । गर्भपतन सेवाका लागि सूचीकृत भएका वा मान्यता प्राप्त गरेका संस्थामा सुरक्षित गर्भपतन सेवाको लोगो राखिएको हुन्छ ।

## साहित्य

हास्यव्यंग्य

# नारी र पुरूष समानता



कृष्ण उफान

“जुन घरमा नारीको सम्मान हुन्छ , त्यस घरमा ईश्वरको पनि बास हुन्छ।” नारी शब्द आफैमा कति महान् छ, कति गर्व गर्न लायकको छ । “नारी र पुरूष एक रथमा दुई पांग्रा हुन्” भन्ने कुरा अवगत गराइरहन नपर्ला । नारीविनाको संसार कल्पना गर्न सकिएला त ? के पुरूष विनाको पनि संसारको कल्पना गर्नु महामूर्ख नठहरिएला त ? त्यसकारण आदिम युगदेखि नै नारी र पुरूष समान हुन् । नारी आमा हो, नारी दिदी बहिनी हुन्, यति हुँदा हुदै पनि नारीलाई यस समाजले नारी र पुरूषलाई एउटै रूपमा हेर्न सकेको पाइदैन । विगतका समयमा गाउँ गाउँमा विद्यालयहरू खुलेका थिएनन् । नयाँ नयाँ आविस्कारहरू जस्तै टेलिभिजन, मोबाइल, कम्प्युटर आदि । जसले समाजमा भएका विकृति विसङ्गति आदिको बारेमा ज्ञान दिने गर्दछ । शिक्षाको उज्यालोबाट वञ्चित हुन पुग्दा अन्जानवश छोरा र छोरी बीच भेदभावको वातावरण सृजना गरेर युगयुगान्तर सम्म अन्यायमा पारिरहे । पुरूषप्रधान समाजमा नारीलाई सधै दोस्रो दर्जाको रूपमा राखिरहे । “छोरा जन्मदा खसी र छोरी जन्मदा फर्सी” भन्ने नेपाली उखानलाई व्यवहारमा पनि प्रयोग गरिरहे । वंश परम्परा थेग्ने बहानामा छोरालाई बढी महत्व दिइरहे । समयको अन्तरालसँगै वर्तमान परिवेशमा आकास र पाताल भएर परिवर्तन भएको छ । अव त सबै जान्ने बुझ्ने भइसके छोरा होस् या छोरी मुटुका धड्कन हुन् भन्ने कुरा सम्झाइरहन नपर्ला । ०४६ सालको जनआन्दोलनले प्राप्त बहुदलीय प्रजातन्त्रले नेपाली नारीलाई पूर्ण समानता गरेको पाइदैन । तत्कालिन राजनीतिमा केवल ५ प्रतिशत मात्र आरक्षण कोटा सुरक्षित गरेको थियो । के नेपालमा आम जनसंख्याको ५ प्रतिशत मात्र महिला थिए त ? जनआन्दोलन-२, ०६२/६३ ले नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ । सबैलाई अवगत भएकै कुरा हो । भोगेकै कुरा हो । लोकतन्त्रको अनुभूति के कसरी गरिरहनु भएको छ । त्यो मैले यहाँ बताइरहन आवश्यक ठान्दिन । राज्यको विभिन्न पदहरूमा कम्तीमा पनि ३३ प्रतिशत कोटा नारीलाई चाहिन्छ भनेर छुट्याइएको छ । त्यसलाई “नहुनु भन्दा कानो मामा वेश”भन्न उपयुक्त होला किनकी के नेपालमा कुल जनसंख्याको एक तिहाइ मात्र नारीको संख्या होला ? नत्र भने जनसंख्याको आधारमा उनीहरूलाई कोटा आवश्यक पर्दछ ।

जहानिया राणा शासनमा भाइहरूको रोलक्रम अनुसार प्रधानमन्त्री बन्न पाउने परिपारी बसालेका कारण तत्कालिन समयमा नारीले नेपालको प्रधानमन्धी बन्ने सुअवसर त पाएनन् पाएनन् । ००७ सालको प्रजातन्त्र प्राप्ति पश्चात् पनि के महिलाले प्रधानमन्त्री बन्ने अवसर प्राप्त गरे ? तीस वर्षिय क्रुर तानाशाह लादेर शासन सत्ता सम्हाल्दा त नारीले प्रधानमन्त्री पाउने धेरै टाढाको कुरा थियो । बहुदल प्राप्त पश्चात् पनि नेपालले वीसौं जनाको प्रधानमन्त्रीत्व काल विताउने अवसर पाइसकेको छ । तर दुर्भाग्य अहिलेसम्म पनि नेपाली महिलाहरूले प्रधानमन्त्री बन्ने अवसर पाएनन् । समानताको नारा जतिसुकै उराले पनि व्यवहारमा सबै शून्य सावित भएको छ । कताको समानता ? खै व्यवहारमा समानता ? सिर्फ कागजी घोडा मात्र दौडाइ रहेका छन् । राज्यले त नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेरिरहेका छन् । गणतन्त्र आइसकेको नेपालमा राष्ट्रपति बनाउन नसकेपनि उपराष्ट्रपति त बनाउन सक्थे नि । खै त समानता ? कहाँ भेटियो नारी र पुरूष बीच समानता ? के नेपाली नारीहरूमा प्रधानमन्त्री बन्ने क्षमता नभएरै होला त ? अवस्य पनि होइन । केवल पुरूषको अहमंवादी सोचका कारण यस्तो अवस्था आएको हो । पुरूष भित्रको अहमंवादी सोचमा तुषारापात नभएसम्म जतिसुकै कागजी घोडा दौडाए पनि माखो पनि मर्नेवाला छैन ।

विगतमा त जन्मिए पछि छोरा र छोरीमा भेदभाव गरेको पाइन्छ । वर्तमान अवस्थासम्म आइपुग्दा त झन् समानताको अवस्था सृजना होला भनेको त त्यसको ठीक विपरित भइरहेको छ । “विनासकाले विपरीत बुद्धि” वर्तमान समयका मानवका वुद्धि उल्टो हुन थालेको छ । विज्ञानको चमत्कारले झन् नारी र पुरूषलाई भेदभाव गर्ने मौका मिलेको छ । अहिले गर्भावस्थाबाट छोरीलाई भेदभाव गर्न थालिएको छ । गर्भधारण गरेर केही महिना वित्न पाएको हुदैन । गर्भ भित्र नै लिङ्ग पहिचानको नाममा परीक्षण गरिन्छ । अनेकानेक उपकरणले एताबाट उता उताबाट यता भन्दै ओल्टाइपल्टाइकन गर्भ भित्र नै परीक्षण गरिन्छ । यदि पुरूषको पहिचान भएमा हर्ष मान्दै परीक्षण केन्द्रबाट फर्किन्छन् । उपकरणद्वारा परीक्षणमा गर्भ भित्रको भ्रुणमा स्त्रीको लक्षण देखा परेमा त्यहिबाट भेदभावको क्रियाकलाप सुरू हुन्छ । निर्दोष भ्रुणलाई गर्भबाट गलहत्याएर बाहिर निकालिन्छ । यानेकी उपकरणको माध्यमबाट गर्भ भित्रको अवधि पूरा भएपछि बाहिर निस्कने सुरूङमार्गबाट उपकरण प्रवेश गराएर जवरजस्ती मुन्ट्याएर बाहिर निकालिन्छ र परमधाम पुर्‍याइन्छ । गर्भ भित्रको अन्जान शिशुको के को दोष होला र आमाको न्यायो बच्चादानीमा बस्नु ? के बाहिरी संसार हेर्न पाउनु हुदैन ?

नारीलाई गर्भबाट जवरजस्ती गलहत्याएर बाहिर निकाल्न दिनु कुन किसिमको स्वतन्त्रता हो ? धर्मशास्त्रले भ्रुण हत्या महापाप भनेको छ । कमसेकम पहिलेका मानिसहरूले भ्रुण हत्याको प्रयास त गरेनन् नि । अहिले त झन् समानताको नारा उलाल्दै नारीलाई भेदभाव गरिरहेका छन् । यो कुरा नारीहरूले नै बुझ्नु जरूरी छ । पुरूष वर्गले भनेको भरमा अव हो मा हो मिलाएर अगाडि बढ्नु उचित हो या होइन ? समयमा नै सोच्नु पर्ने अवस्था आइसकेको छ ।

# युद्ध : अन्तरमनसँग

लक्ष्मण देवकोटा

घनघोर युद्ध
आफ्नै अन्तरमनसँग चलिरहेको छ
तृष्णाहरुसंग चलिरहेको छ

इर्ष्या, आवेग र कुण्ठाको
आहालबाट उठिसकें म
आफ्नै आत्मासँग
हुरी बतास चलिरहेको छ

जिन्दगी
उदाएर
एक बिहान एकमुठी उज्यालोसंग
अस्ताउँछ
ढल्कँदै मधुरा घामका किरणहरुसंग
घुम्टेमा फूल लिएर उभिइरहेको थिएँ
तिमी आइनौ

पर्खिरहें घाम डाँडापारी पुग्दासम्म
अँध्यारोको गर्तमा सूर्य भासिएझैं
भासिनुपर्ने म
अर्को उज्यालो बिहानको पर्खाइमा धुनी
जगाइरहें म
घृणा जागेन ममा
प्रतिशोध जागेन ममा
आफैलाई जित्न नसकेको म
किन आलाप गरूँ तिमीसंग ?

तिमीसँग मात्र होइन
कसैसँग पनि गुनासो छैन मेरो
तिमीसंग मात्र होइन
कसैसंग अपेक्षा पनि छैन मेरो

एक निमेष जिन्दगीमा
स्वयममाथि विजय प्राप्त गर्ने
महान युद्धमा छु
इन्द्रिय, आत्मा र विवेकको
सगरमाथामा ध्वजा फहराउने संग्राममा छु

धर्ती काँपोस भूकम्पले
या पहाड गिरोस नदीका वेगहरुले
म वाचाल छु
भित्र अझभित्र
आफू आफैभित्र
युद्ध गरिरहेछु
अवस्यम्भावी मृत्युसंग डराएर
म कुनै डाक्टरकोमा जीवनको भीख किन मागूँ ?
महाज्ञानको गहिराइमा
जीवन र मृत्युको एक थोप्लो अन्तर छिचोल्दै
ज्ञान विज्ञानको
समुद्री पींध छुन चाहन्छु म

तिमीसंग हारिरहन
र आफैसँग
जितिरहन चाहन्छु म

घनघोर युद्ध
आफ्नै अन्तरमनसँग चलिरहेको छ
तृष्णाहरुसंग चलिरहेको छ

# जुठो




अर्जुन दाहाल

सावरी र रामको कथामा
जुठो बयरको प्रसंग छ।
एकछिन सोचौं
के छ र चोखो नितो ?

हामीले फेर्ने श्वास
पहिले कतै कसैले न कसैले
फेरेरै वायुमण्डलमा अवस्थित छ ।
हामीले पिउने पानी
शरीरबाट निस्किएर
पानीको चक्र पूरा गरी
फेरि हामी नै पिउँदछौं ।
हामीले भोग गर्ने अन्न
उत्पन्न र विनाशको सिलसिलामा
शरीर भित्र र बाहिर हुँदै
काचो देखि मल हुँदै,
हामी नै भोग गर्दछौं।
यस संसारमा चोखो भन्ने चीज
उत्पत्ति भएर अहिलेसम्म आइपुग्दा
केही पनि भेटिदैन ।

सायद यी यावत् कुरा
रामले सावरिलाई भन्न सकेनन
तर हामी
हाम्रो शरीरको पहिलो भाग खोजी
जुठो र चोखो को भ्रम र घिनमा
जीवन निर्वाह गरिरहन्छौं
जय श्री राम भनी ।

## चित्रकला





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# साफ वुमन्स च्याम्पियनसिप : भारतसँग सेमिफाइनलमै भेट





काठमाडौं/साफ वुमन्स च्याम्पियनसिप २०२४ को सेमिफाइनलमा नेपालले चिरपरिचित प्रतिद्वन्द्वी भारत पाएको छ । दक्षिण एसियामा नेपालका लागि भारत नौलो प्रतिद्वन्दी होइन । विगतमा यी दुई टोली प्राय: प्रतियोगिताहरुमा फाइनलमा पुगेर भेट हुन्थे । तर पछिल्लो समय सेमिफाइनलमै यी दुई टोली भिड्न थालेका छन् ।

अहिलेमसम्म साफ वुमन्स च्यम्पियनसिपको ६ संस्करण हुँदा नेपाल र भारत चार पटक फाइनल तथा दुई पटक सेमिफाइनलमा भिडेका छन् । पछिल्लो पटक सन् २०२२ मा नेपालमै भएको छैटौं संस्करणमा नेपाल र भारत सेमिफाइनलमा भेट भएको थियो जहाँ नेपाल १-० ले विजयी भएको थियो । त्यो नेपालले भारतलाई साफमा हराएको पहिलो पटक हो ।

साफको हरेक संस्करणमा नेपाल र भारत कुनै न कुनै रुपमा भेट भइरहेकै छन् । सातौं संस्करणको साफ चलिरहँदा नेपाल र भारत पनि सातौं पटक नै भेट हुन लागेको हो । सन् २०१० देखि २०१४ सम्म लगातार तीन संस्करणको फाइनल खेल्दा नेपाल भारतसँग पराजित भएको थियो । त्यसपछि २०१६ मा सेमिफाइनलमै भेट हादा पनि भारत विजयी भयो । यस्तै सन् २०१९ मा विराटनगरमा भएको पाँचौ साफमा फेरि फाइनलमा भेट हुँदा नेपाल भारतसँग पराजित भयो ।

नेपालमै आयोजना भएको साफमा नेपाल र भारत तेस्रो पटक भिड्नेछन् । यसअघि नेपालमा यी दुई टोली दुई पटक खेलेका थिए । जसमा दुवैले समान एक पटक खेल जितेका छन् । सन् २०१९ को फाइनलमा भारत विजयी हुँदा २०२२ को सेमिफाइनलमा भारतलाई हराएर नेपालले बदला लिएको थियो ।

**पछिल्लो संस्करणको एक्सन रिप्ले**

साफ वुमन्स च्याम्पियनसिप लगातार तेस्रो पटक नेपालमा आयोजना भइरहेको छ । यस पटक साफका खेलहरु विगतका भन्दा केही परक रहे । समूह विजेता र उपविजेता बन्ने होड अन्तिम सम्मै रह्यो र उपाधि दावेदारहरु भारत नेपाल र बंगलादेश सेमिफाइनल पुगे । त्यसमा सेमिफाइनल पुग्ने अर्को टोली भुटान रह्यो । भुटानले पछिल्लो समय राम्रो प्रदर्शन गरिरहेको छ । नेपाललाई पहिलो खेलमा गोलरहित बराबरीमा रोकेर पनि भुटानले त्यो प्रमाणित गर्‍यो । सेमिफाइनलमा नेपाल र भारत तथा बंगालदेश र भुटानबीच खेल हुनेछ ।

साविक विजेता बंगलादेश समूह ए को विजेता तथा सर्वाधिक पाँच पटकको विजेता समूह ए को उपविजेता बन्दै सेमिफाइनल पुगेको हो । बंगलादेश यस समूहबाट अपराजित रह्यो । बंगालदेशसँग अन्तिम खेलमा ३-१ ले पराजित भएपछि भारत समूह उपविजेता बनेको हो ।

२०२२ मा पनि भारत समूहमा बंगालदेशसँग ३-० ले पराजित भएपछि समूह उपविजेता बनेको थियो । त्यो बेला नेपाल आफ्नो समूह विजेता थियो । यस्तै समूह बी मा नेपाल र भारत अपराजित रहँदै समान ७ अंक जोड्यो । गोलअन्तरमा नेपाल अघि रहँदै समूह विजेता बन्यो भने भुटान समूह उपविजेता ।

यस पटकको दुवै सेमिफाइनल खेल पछिल्लो संस्करणको पुनरावृत्ति जस्तो हुनेछ । २०२२ को साफ सेमिफाइनलमा नेपाल र भारत तथा बंगलादेश र भुटान भिडेका थिए । जसमा नेपाल र बंगलादेश विजयी हुँदै फाइनल पुगेका थिए । त्यस बेला दुई संयोग बनेको थियो । नेपाल र बंगलादेश दुवैले भारतलाई पहिलो पटक साफमा हराएको थियो । अनी फाइनलमा नेपाललाई हराउँदै बंगलादेश पहिलो पटक च्याम्पियन बनेको थियो ।

**भारतसाग जित्ने लक्ष्य**

साफ र सागमा भारत नेपालका लागि जहिल्यै ठूलो चुनौतीको रुपमा रहँदै आएको छ । २०२२ को साफ सेमिफाइनल बाहेक यी दुई प्रतियोगितामा नेपालमाथि भारत नै हावी बनेको छ । साफमै पनि चार पटक फाइनल र एक पटक सेमिफाइनलमा नेपाल भारतसँग पराजित भएको छ ।

तर पछिल्लो पटक भारतलाई हराएको नेपालले यस पटक पनि सेमिफाइनलमा भारतलाई हराउने लक्ष्य राखेको छ । नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले अब जसरी पनि भारतलाई हराउनेमा केन्द्रित हुनुपर्ने बताएका छन् । 'यो हाम्रो लागि महत्वपूर्ण खेल हो । हाम्रो सबै शक्ति लगाएर खेल्नुपर्छ', बिहीबार समूहको अन्तिम खेलमा श्रीलंकालाई हराएर भारतसँग भेट पक्का गरेपछि तामाङले भने ।

अब बाँकी दुई दिनमा भारत विरुद्धको खेलका लागि रणनीति बनाउने र जित्ने लक्ष्य रहेको उनले बताए । 'हामीले भारतसँग खेल्ने पक्का भइसक्यो । अब उनीहरुको अगाडिको खेल हेरेर त्यसमा काम गर्नेछौं । दुई दिन बाँकी छ मैदानमा धेरै काम गर्न भ्याउँदैन । सेमिफाइनल जसरी पनि जित्नुपर्छ भन्ने लक्ष्य लिएर आउँछौं ।'

उता भारतले यस पटक समूहमा जम्मा दुई खेल मात्र खेलेको छ । समूह ए को अन्तिम खेलमा बंगलादेशसँग भारत पराजित भएको थियो । तर भारतका मुख्य प्रशिक्षक सन्तोष कश्यपले भने आफूले खेलमा एक्सपेरिमेन्ट गरेकोले खासै चिन्तित नभएको बताएका थिए ।

उनलाई नेपालसँग सम्भावित सेमिफाइनल भिडन्तबारे सोध्दा उनले घरेलु टोलीसँग खेल्न चुनौती हुने र तर फाइनल पुग्ने विश्वास रहेको बताएका थिए । 'म कन्फिडेन्ट छु,' कश्यपले भनेका थिए,' म पहिला पाँच पटक हामीले जितेको कुरा गर्दिनँ । खेलाडीले धेरै सुधार गरेका छन् । सेमिफाइनलमा हामी नेपालसँग खेल्दा घरेलु टोली हाम्रो लागि अर्को चुनौती हुनेछ । दर्शक पनि धेरै हुन्छ । तर हामी विश्वस्त छौं कि हामी फाइनल पुग्नै उपाधि जित्न प्रयास गर्नेछौं ।'

नेपालको लागि पनि सेमिफाइनलमा वास्तविक परीक्षा हुनेछ । पहिलो खेलमा भुटानसँग गोलरहित बराबरीमा रोकिएको नेपालले त्यसपछि कमजोर टिम माल्दिभ्सलाई ११-० र श्रीलंकालाई ६-० ले हराएको थियो ।

नेपालले अहिलसम्म तीनवटै खेलमा क्लिनसिट राखेको छ र प्रशिक्षक तामाङले अहिलेसम्म नेपालका तीनवटै गोलकिपरलाई अवसर दिएका छन् । पहिलो र तेस्रो खेलमा कप्तान एन्जिला तुमबाप्पो सुब्बाले पहिलो रोजाइमा खेलेका थिए भने दोस्रो खेलमा अन्जना राना मगरले सुरुआत गरेकी थिइन् । दोस्रो खेलमा उषा नाथले पनि वैकल्पिक खेलाडीको रुपमा खेलेकी थिइन् ।

तर खेलाडीको चोटले गर्दा नेपाललाई सताएको छ । घाइते खेलाडीहरुको सूची थपिँदा नेपाललाई चुनौती बन्न सक्छ । हिराकुमारी भुजेल र दीपा शाही भुटान विरुद्ध पहिलो खेलमै घाइते भए । घुँडाको चोटका कारण उनीहरुले साफबाट बाहिरिसकका छन् । दुवैको घुँडाको सफल शल्यक्रिया समेत भइसकेको छ । यस्तै पहिलो खेलमा घाइते भएकी पूजा रानाले त्यसपछि खेलेकी छैनन् । टिममा रहेकी समीक्षा घिमिरेले पनि खेलेकी छैनन् ।

श्रीलंका विरुद्ध प्रीति राई घुँडाको केही दुखाइ भएपछि रिप्लेस भइन् । घाइते खेलाडीहरुको सुची बढ्दै जानु पक्कै चिन्ताको विषय बनेको छ । डिफेन्समा हिरा बाहेक अन्य दुई खेलाडी पनि पूर्ण फिट नहुँदा प्रशिक्षकले दुई खेलमा ३ जना डिफेन्स मात्र खेलाएका थिए ।

श्रीलंका विरुद्ध प्रीति राईले सामान्य दुखाई पनि आफैं विश्राम गर्न चाहेको र सेमिफाइनलका लागि तयार हुन्छ भनेको प्रशिक्षक तामाङले बताए । पूजा र समीक्षाको हकमा भने उनीहरु अझै पूर्ण फिट नभएको तामाङले स्वीकारे । उनले भने, 'समीक्षाको घुँडामा समस्या छ । ट्रेनिङमा पनि राम्रो गर्न सकेको छैन । त्यसैले प्रयोग गर्न सकेको छैन । पूजालाई पहिलो खेलपछि घुँडामा समस्या देखिएको थियो । आजको खेल प्रयोग गर्ने योजना थियो तर खेलको अवस्थाले सकिनँ ।'

तामाङले टिमबाट बाहिरिसकेको हिरा र दीपाको स्थानमा अन्य खेलाडी रिप्लेस गर्ने सम्भावना कम रहेको बताए । यदि रिप्लेस गर्ने अवसर पाए पनि अहिले त्यो स्तरको खेलाडी नपाइने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# विपिन र सौरभप्रति वितरकको विश्वास, निर्माण नहुँदै विदेशमा बिक्यो 'कर्मा'




काठमाडौं/पछिल्लो समय फिल्मको लगानी उठाउन नेपाली निर्माता हलको व्यापारमा मात्र निर्भर हुनुपर्ने अवस्था छैन । विदेश राइट्स पनि आम्दानीको राम्रो स्रोत बनेको छ । अझ सफल फिल्मको सिक्वेल र सिरिज हुनुपर्छ, निर्माण नहुँदै विदेश राइट्सबाटै लगानी उठिसक्छ । नाम चलेका कलाकारका फिल्म पनि सजिलै बिक्री हुने गरेका छन् । विदेश राइट्स बिक्री वितरणको 'ट्रेन्ड'ले नेपाली निर्मातालाई धेरै ठूलो राहत दिएको छ ।

विदेशमा राम्रो माग हुने र चल्नेमा अभिनेता विपिन कार्कीका फिल्म पनि पर्छन् । 'जात्रा' श्रृंखला होस् या 'प्रसाद', विदेशमा राम्रो चलेका थिए । यसैले त उनको आगामी फिल्म 'कर्मा' निर्माण नै नहुँदा विदेशमा बिक्री भएको छ । सेभेन सिज इन्टरटेन्मेन्टले फिल्मको अन्तर्राष्ट्रिय वितरण अधिकार खरिद गरेको हो । स्रोतका अनुसार, फिल्ममा हुने लगानीको तीन भागको एक भाग विदेश राइट्सबाट उठेको छ । यद्यपि, मूल्य भने खुलाइएको छैन ।

'कर्मा' निर्माण नहुँदै विदेशमा बिक्री हुनुमा यसका निर्देशक सौरभ चौधरीको अघिल्लो फिल्म 'अगस्त्य'ले अन्तर्राष्ट्रिय बजारमा गरेको 'पर्फमेन्स' पनि महत्त्वपूर्ण कारण हो । आलोचनाका बावजूद फिल्मले नेपालसहित विदेशमा राम्रो प्रदर्शन गरेको थियो । वितरक कम्पनी सेभेन सिजले विपिन र सौरभप्रति विश्वास गरेर निर्माण अगावै फिल्मको वितरण अधिकार किनेको देखिन्छ ।

आगामी मंसिर दोस्रो सातापछि छायांकनमा जान लागेको फिल्ममा विपिन पहिलो पटक एक्सन भूमिकामा देखिँदैछन् । उनीबाहेक अरु कलाकार भने निश्चित भएका छैनन् । आगामी चैत २९ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको फिल्ममा निर्देशक चौधरी स्वयंको लेखन छ । आर्टिस्टिक इन्टरटेनमेन्टको प्रस्तुति रहेको 'कर्मा'मा वसन्त लम्साल निर्मातामा छन् ।

# 'ह्रस्व दीर्घ'को नेपाली र हिन्दी संस्करण एकैदिन रिलिज हुने



काठमाडौं/नेपाली र साउथ कलाकारहरुको 'पल्टन' लिएर निर्माण भएको फिल्म 'ह्रस्व दीर्घ' यही कात्तिक ३० गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । ६ करोडमाथिको बजेटमा निर्माण भएको फिल्मलाई नेपालीसहित हिन्दी र तेलुगू भाषामा पनि तयार पारिएको छ । त्यसमध्ये नेपाली र हिन्दी संस्करणलाई एकै मितिमा रिलिज गरिने निर्मात्री तथा अभिनेत्री नीता ढुंगानाले जानकारी दिएकी छन् ।

फिल्मको नेपाली र हिन्दी भर्सन विदेशमा पनि एकसाथ लाग्नेछ । अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार खरिद गरेको कम्पनी सेभेन सिजले नेपाल रिलिजको एक सातापछि फिल्मको दुवै संस्करणलाई अन्तर्राष्ट्रिय बजारमा प्रदर्शन गरिने जनाएको छ । फिल्मको तेलुगू भर्सन भने सन् २०२५ को जनवरी अर्थात् आगामी माघ अन्तिममा रिलिज गर्ने निर्माण टिमको तयारी छ ।

दशैंमा रिलिज भएको टिजरले फिल्मको राम्रो 'हाइप' निर्माण गरेको छ । दुई सातामा झन्डै १० लाख भ्यूज प्राप्त गरेको टिजरलाई दर्शकले 'धमाका' भनेका छन् । तर, धेरैले साउथ कलाकार ब्रह्मानन्दमको दृश्यमा गरिएको नेपाली स्वरांकन मन पराएका छैनन् । यसैले उनको भागको नेपाली स्वरांकन निर्माताले परिवर्तन गरेको जनाइएको छ । फिल्ममा साउथबाट ब्रह्मानन्दमसहित अली, सुनिल वर्मा, प्रदीप रावत र कबीर दुहन सिंहको पनि अभिनय छ ।

चन्द्र पन्तको डेब्यु निर्देशनमा बनेको फिल्ममा नीता ढुंगाना, हरिहर अधिकारी, सञ्चिता लुइँटेल, विपना थापा, सरोज खनाल, किरण केसी, बुद्धि तामाङ, गरिमा शर्मा, रवीन्द्र झा, नरेन खड्का लगायतको पनि अभिनय छ भने अभिनेत्री रेखा थापा विशेष भूमिकामा छिन् । धनन्जय गलानी कार्यकारी निर्माता रहेको फिल्मलाई बलिउड छायाँकार कवीरलालले खिचेका हुन् ।

# साढे ३ प्रतिशत बिन्दुसम्म घट्यो कर्जाको ब्याजदर, सस्तो कर्जा कुन बैंकमा ?

काठमाडौं/पछिल्लो एक वर्षको अवधिमा कर्जाको ब्याजदर करिब साढे ३ प्रतिशतसम्मले घटेको छ । सञ्चालनमा रहेका २० वाणिज्य बैंक्ले निक्षेपमा दिने ब्याजदर घटेसँगै बैंकहरूको आधार दर पनि घटेको छ । २०८० असोज मसान्तको तुलनामा २०८१ असोज मसान्तमा कुमारी बैंकको आधार दर ३.४६ प्रतिशत बिन्दुले घटेको छ । यस्तै कृषि विकास बैंकको ३.३८ प्रतिशत र लक्ष्मी सनराइजको आधार दर ३.०६ प्रतिशतले घटेको छ ।

एक वर्षमा वाणिज्य बैंकको औसत आधार दर नै २.७२ प्रतिशतले घटेको छ । यसले कर्जामा ब्याजदर उल्लेख्य घट्दै गएको देखाउँछ । कोभिडपछि उच्च आयातसँगै शोधनान्तर घाटा उच्च हुँदा बैंकिङ प्रणालीमा तरलता अभाव सुरु भयो । तरलता अभावसँगै ब्याजदर बढेर औसत ब्याजदर नै १३ प्रतिशत माथि पुग्यो । कोभिडको समयमा कर्जा मागमा संकुचन र आयातमा समेत कमी आउँदा केही समय अधिक तरलता भएर ब्याजदर घट्यो ।

२०७८ असार मसान्तमा कर्जाको भारित औसत ब्याजदर ८.४३ प्रतिशतसम्म झर्‍यो । निक्षेपको ब्याजदर घटेसँगै घटेको आधार दर र बैंकबीचको प्रतिस्पर्धाले कर्जाको प्रिमियम नै घटाएर कर्जा र निक्षेपको भारित औसत ब्याजदर अन्तर नै घटाउँदा कर्जाको ब्याजदर २०७८ असार मसान्तमा साढे ८ प्रतिशतभन्दा तल झर्‍यो ।

तर, त्यसको १९ महिना नपुग्दै कर्जाको भारित औसत ब्याजदर १३ प्रतिशत माथि पुग्यो । २०७९ माघ र फागुनमा कर्जाको भारित औसत ब्याजदर १३.०३ प्रतिशतसम्म पुगेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ । पहिल्लो दुई वर्षयता अर्थतन्त्रमा देखिएको शिथिलतासँगै कर्जामा माग समेत घटेको छ । नेपालमा वार्षिक औसत करिब २० प्रतिशतले कर्जा विस्तार हुने गरेकोमा पछिल्लो दुई वर्षको कर्जा विस्तार करिब ६ प्रतिशत मात्रै छ ।

निक्षेप वृद्धिको तुलनामा कर्जा विस्तार न्यून हुँदा ब्याजदर लगातार घटेको छ । बैंकहरूले निक्षेपको ब्याजदर घटाएसँगै आधार ब्याजदर निरन्तर घटेको छ । २०७९ पुस मसान्तमा वाणिज्य बैंकहरूको औसत आधार दर १०.९१ प्रतिशत पुगेकोमा २०८१ भदौ मसान्तमा ७.४९ प्रतिशतमा झरेको राष्ट्र बैंकको तथ्यांक छ । पछिल्लो २० महिनामा वाणिज्य बैंकहरूको औसत आधार दर नै ३.४१ प्रतिशत बिन्दुले झरेको छ । असोजमा वाणिज्य उनीहरूको औसत आधार दर ७.३५ प्रतिशतमा झरेको छ ।

आधार दर झरेसँगै कर्जाको भारित औसत ब्याजदर पनि घट्दै गएको छ । २०७९ फागुनमा १३.०३ प्रतिशत रहेको कर्जाको भारित औसत ब्याजदर २०८१ भदौमा ९.५२ प्रतिशतमा झरेको छ । बैंकहरूको आधार दर घट्दो क्रममा रहेकाले कर्जाको भारित औसत ब्याजदर अझै तल आउने बैंकर बताउँछन् । पछिल्लो केही महिनायता बैंकहरूबीच प्रतिस्पर्धा सुरु हुँदा प्रिमियम घटाउँदै लगेका छन् । जसले कर्जाको ब्याजदर थप घट्दै गएको हो ।

केन्द्रीय बैंकले कर्जाको ब्याजदर आधार दरसँग आबद्ध गराएको छ । राष्ट्र बैंकले कर्जाको ब्याजदर निर्धारण व्यवस्थित र एकरूपता ल्याउन २०६९ देखि वाणिज्य बैंकहरूलाई आधार दर कार्यान्वयनमा ल्याएको थियो । २०७० देखि विकास बैंक र फाइनान्स कम्पनीमा आधार दरको व्यवस्था गरेको हो । राष्ट्र बैंकले बैंकहरूलाई हरेक त्रैमासको औसत आधार दरका आधारमा कर्जाको ब्याजदर निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ । बैंकहरूको आधार दर बढ्दा कर्जाको ब्याजदर पनि बढ्ने गर्छ भने घट्दा घट्ने गर्छ ।

त्रैमासको औसत आधार दरमा कर्जाको जोखिम अनुसार बैंकहरूले प्रिमियम थप गरेर कर्जाको ब्याजदर निर्धारण हुने गर्छ । 'कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्दा आधार दरसँग आबद्ध गर्नुपर्ने छ,' राष्ट्र बैंकले बैंकहरूलाई जारी गरेको एकीकृत निर्देशनमा छ ।

यस्तै पुनर्तालिकीकरण वा पुनर्संरचना गरिने कर्जाको ब्याजदर समेत आधार दरलाई आधार मानी निर्धारण गर्नुपर्ने राष्ट्र बैंकको निर्देशनमा छ । कुनै व्यक्ति वा फर्मलाई प्रदान गरिने कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्दा आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट उल्लेख गर्नुपर्ने राष्ट्र बैंकले व्यवस्था गरेको छ । यसले पनि कर्जाको ब्याजदर आधार दरले निर्देशित गर्ने स्पष्ट हुन्छ । कर्जाको ब्याजदर घटबढ हुने भए पनि आधार दरमा बैंकहरूले लिने प्रिमियम भने आफैं बढाउन सक्दैनन् ।

तर, कर्जाको ब्याजदर घटाउन प्रिमियम घटाउन भने सक्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ । आधार दर बढ्यो भने आफैं कर्जाको ब्याजदर बढ्ने र घट्दा घट्ने गरी ब्याजदर निर्धारण हुने गर्दछ ।

*(स्रोत: अनलाइनखबर)*

# राष्ट्रपतिलाई संवैधानिक भूमिका कुल्चन विपक्षीको निम्तो

काठमाडौं/विपक्षी दलका नेताहरुले बुधबार राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरे। पूर्वनिर्धारित योजना र उद्देश्य बमोजिम उनीहरु शीतल निवास पुगेका हुन् । विशेष आग्रहका निम्ति शीतल निवास जाने निर्णय भने २ कात्तिकमा भएको थियो । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले २ कात्तिकमा विपक्षी दलहरुको बैठक राखेका थिए । अघिल्लो दिन, १ कात्तिकमा प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवासँग भेटेपछि प्रचण्डले विपक्षी दलहरुको संयुक्त बैठक राखेका थिए ।

माओवादीसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), एकीकृत समाजवादी र आम जनता पार्टी सम्मिलित त्यो बैठकले विपक्षीहरुको साझा धारणा बनाउने निर्णय गर्‍यो। त्यसका निम्ति माओवादीका शक्ति बस्नेत, रास्वपाका शिशिर खनाल र एकीकृत समाजवादीका राजेन्द्र पाण्डे सम्मिलित संयन्त्र बनायो ।

त्यही संयन्त्रले बाढी पहिरो पीडितको समस्या हल गरिनुपर्ने माग समेत समेटेर १३ बुँदे ध्यानाकर्षणपत्र तयार पार्‍यो । त्यो १३ बुँदेमा सम्भावित राजनीतिक निर्णयप्रति खबरदारी पनि उल्लेख छ । ''दुई दलीय तानाशाही लाद्न तथा अन्य दलहरुलाई विभाजन गर्ने उद्देश्य राखेर राजनीतिक दल सम्बन्धी अध्यादेश जारी गर्ने जस्ता कुनै पनि कार्य नगरियोस्', मागपत्रको १३औं नम्बरमा लेखिएको छ । अन्तिम बुँदामा राखिए पनि विपक्षीहरुको मुख्य एजेण्डा चाहिँ यही हो । ५ कात्तिकमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाइएको ज्ञापनपत्रमा समावेश १३ बुँदकै अन्तर्वस्तु राष्ट्रपति समक्ष राखिनुले पनि विपक्षी नेताहरुको उद्देश्य लुक्दैन ।

'विपक्षी नेताहरुको आग्रह सरकारले ल्याउन सक्ने अध्यादेश रोकिदिनु पर्यो भन्ने नै थियो, त्यही कुरा राष्ट्रपतिसँग राख्नुभयो' शीतल निवास स्रोत भन्छ । ती स्रोतका अनुसार प्रचण्डले विगतको राजीतिक भूमिकासहित राष्ट्रपति पौडेलसँग आग्रह गरेका थिए । 'मैले बुझेको छु, ढिलोचाँडो मात्र हो अध्यादेश आउँछ । शेर बहादुरजी केपी ओलीलाई रोक्नेमा देखिनु हुन्न' प्रचण्डको आग्रह थियो, 'तपाईंले रोकिदिनु पर्‍यो । केपी ओली सिध्याउने पक्षमा छन् ।'

प्रचण्डपछि बोलेका एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र रास्वपाका शिशिर खनालले पनि अध्यादेश रोकिदिनै आग्रह गरे । राप्रपाका बुद्धिमान तामाङले बोलेपनि उनको ध्यान अध्यादेशभन्दा पनि प्रणालीप्रतिको चिन्ता थियो । आउँदै नआएको अध्यादेश रोकिदिनु पर्‍यो भन्दै पूर्व प्रधानमन्त्रीहरु नै शितल निवास आएपछि राष्ट्रपति पौडेलले पनि आश्वास्त पार्नेअवसर पाए । 'सवैधानिक दायित्वभित्रै रहेर निर्णय लिन्छु, आवश्यक परामर्श पनि लिन्छु', राष्ट्रपतिको जवाफ थियो ।

राष्ट्रपतिसँग गरिएको आग्रहलाई विपक्षी नेताहरुले पनि लुकाएनन् । 'केपी ओलीले लोकतन्त्रलाई समाप्त पार्ने हो कि भन्ने चिन्ता हामीले राख्यौं र दल विभाजनका निम्ति अध्यादेश आउन सक्छ, त्यसलाई (राष्ट्रपतिले) रोक्नुपर्छ भन्यौं' त्यसदिन शितल निवास गएका आजपाका नेता तिलक थापा मगरले संचारकर्मीसँग भनेका थिए ।

# 'सानो संसार' पुन: प्रदर्शन, तर '१२ गाउँ' र 'छक्का पञ्जा ५' थ्रेट



काठमाडौं/दशैंका दुई 'ब्लकबस्टर' फिलम '१२ गाउँ' र 'छक्का पञ्जा ५'ले बक्स अफिसमा अझै आफ्नो पकड गुमाएका छैनन् । उच्च शो र अकुपेन्सीसहित दुवै फिल्मले तेस्रो हप्तामा पनि आक्रामक व्यापारलाई जारी राखेका छन् । तिहारसम्म यो गति रोकिने छाँटकाँट देखिँदैन । यी दुई फिल्मको चुनौतीका बीच शुक्रबारबाट भने फिल्म 'सानो संसार' पुन: प्रदर्शनमा आएको छ । तर, यसलाई हलमा '१२ गाउँ' र 'छक्का पञ्जा ५' नै ठूलो 'थ्रेट' हुन् ।

'सानो संसार' पहिलो पटक गत असोज ११ गते सार्वजनिक प्रदर्शनमा आएको थियो । तर, प्रदर्शनको दिनदेखि परेको भारी वर्षाले देशभरको जनजीवन प्रभावित भएपछि निर्माताले दुई दिनमै हलबाट फिल्म उतार्ने निर्णय गरेका थिए । दोस्रो प्रदर्शनमा फिल्मलाई हल संख्या ज्यादै न्यून छ । '१२ गाउँ' र 'छक्का पञ्जा ५'का कारण मल्टीप्लेक्सहरुमा शो पनि पर्याप्त मिलेको छैन । यो अवस्थामा फिल्मको व्यावसायिक भविष्य 'वर्ड अफ माउथ'मा निर्भर हुनेछ ।

दुई चरणको प्रिमियरमा अब्बल प्रतिक्रिया प्राप्त गरेको फिल्मले मध्यम वर्गीय परिवारको कथालाई उठाएको छ ।

सिद्धार्थ पुडासैनीको निर्देशनमा बनेको फिल्ममा सीतादेवी तिमिल्सेना (केदार घिमिरेकी श्रीमती), राज पंगेनी शर्मा, अनु दाहाल, अन्जसा रिजाल, शिशिर सिवाकोटी, सरिता भण्डारी, जीवन गौतम लगायतको अभिनय छ । यी सबै कलाकारको यो पहिलो फिल्म हो ।

सरिष्मा खत्री र निर्देशक पुडासैनीको लेखन रहेको फिल्मको निर्माता अर्जुन कुमार हुन् भने कार्यकारी निर्मातामा माधव वाग्ले छन् । फिल्म बन्नुअघि 'सानो संसार' सिरिज थियो । केही भाग प्रशारण समेत भइसकेको थियो । सिरिज मन परेपछि निर्माता कुमारले यसमा फिल्म बनाउने निर्णय गरेका थिए । सिरिजको कथामा फिल्म निर्माण भएको सम्भवत: पहिलो पटक हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# भीमफेदीको साग, हेटौंडामा माग



साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ मकवानपुरको भीमफेदी गाउँपालिका-५ स्थित माथिल्लो सुपिडका किसान कृष्णप्रसाद पुडासैनीले गरेको रायोको सागको खेती लोभलाग्दो छ । पुडासैनीले करिब पाँच रोपनी बारीमा रायोको खेती गरेका छन् ।

स्थानीयस्तरमै पाइने रैथाने रायोको उनले खेती गरेका हुन् । पहिला-पहिला घरमा खानलाई मात्रै साग लगाउने गरे पनि उनले विगत १० वर्षदेखि परिवारका सदस्य मिलेर व्यावसायिकरुपमै खेती गरेका छन् । सुपिङक्षेत्रमा पुडासैनीको उत्पादनतर्फ आकिर्षत भएर अन्य किसानले पनि रायो खेती गरेका छन् । सुपिङको रायो साग स्थानीयस्तरमा भीमफेदी र हेटौंडा बजारमा खपत हुने गरेको छ । धेरै साग उत्पादन भएका बेला काठमाडौँमा बिक्रीका लागि पठाउने गरेको स्थानीय मधुसूदन पुडासैनीले जानकारी दिए । माथिल्लो सुपिङमा रायोसँगै काँक्रो खेती पनि हुने गरेको छ ।

दसैंमा यहाँका किसानले ६० रुपैयाँसम्ममा रायोको साग बिक्री गरेका थिए । अहिले सागको उत्पादन बढेसँगै ४० देखि ५० रुपैयाँ मुठामा बिक्री हुनेगरेको छ । विषादिको प्रयोग नगरी अर्गानिक साग खेती गर्ने गरिएको पुडासैनीले बताए । चिसो हावापानी भएका कारण सुपिङमा उत्पादन भएको तर कारीको माग हेटौंडामा बढेको उपभोक्ताले बताएका छन् ।

# कुलमानलाई बिजुली महसुल चाहिएको कि राजनीतिक लाभ ?

काठमाडौं, ९ कात्तिक/ नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नेपालको ऊर्जा क्षेत्रका उम्दा व्यवस्थापक हुन् । जुनबेला 'लोडसेडिङ' नेपालीको दुर्भाग्य थियो र यसबाट मुक्ति असम्भव जस्तै लाग्थ्यो, त्यसबेला उनले देशबाट त्यसलाई पूर्णरूपमा हटाए । त्यसपछि नै हो, नेपालीले उनलाई 'उज्यालो युगका प्रतीक' का रूपमा मान्न थालेको । आज पनि मानिसहरू बिजुली गयो भने 'कुलमान गयो' भन्ने विम्ब प्रयोग गर्छन् । यद्यपि, लोडसेडिङ अन्त्य हुनुमा तत्कालीन सरकार र ऊर्जामन्त्री जनार्दन शर्माको समेत ठूलो योगदान छ ।

नेपाल-भारत ढल्केबर-मुजफ्फरपुर क्रसबोर्डर ट्रान्समिसन लाइन बनेपछि चाहिएजति विद्युत् भारतबाट आयात गर्न सक्ने पूर्वाधार तयार भएका कारण नेपालमा विद्युत् कटौती बन्द भएको हो । लोडसेडिङ अन्त्य गर्न निर्वाह गरेको भूमिकाका लागि उनले मिडियाबाट पनि पर्याप्त प्रशंसा पाए । उद्योगी-व्यवसायीले त आफ्ना कार्यक्रममा कुलमान घिसिङ उपस्थिति हुँदा दिपावली गर्ने गरेका थिए । सार्वजनिक कार्यक्रममा उनी पुग्दा सहभागीले उभिएरै सम्मान समेत जताउँथे ।

२०७९ सालको चुनाव यता भने घिसिङको छवि व्यावसायिक मात्रै रहेन, बिस्तारै उनी राजनीतिक पोस्टरका रूपमा समेत प्रयोग हुन थाले । खासगरी माओवादी पार्टीले २०७९ को चुनावमा घिसिङको फोटो राखेर आफ्नो प्रचार सामग्री नै बनाएको थियो ।

**२०७९ को चुनावमा घिसिङको फोटो राखेर माओवादीले प्रयोग गरेको प्रचार सामग्री**

एउटा सार्वजनिक संस्थानको प्रमुखको फोटो राखेर प्रचार सामग्री बनाउनु निर्वाचन आचार संहिता विपरीत थियो । आचार संहिता आकर्षित भएसँगै त्यसलाई सामाजिक सञ्जालहरूबाट हटाइयो । तर घिसिङको राजनीतिक महत्त्वाकाङ्क्षी भने हटेन ।

त्यसयता उनका गतिविधि व्यवस्थापकीय भन्दा ज्यादा रणनीतिक देखिन थालेका छन् । यसरी बिस्तारै उनका गतिविधि नेपाल विद्युत् प्राधिकरणको कार्यकारी प्रमुखसँगै राजनीतिक पार्टीको नेताका रूपमा समेत प्रकट हुने गरेको प्राधिकरणकै एक पूर्ववरिष्ठ अधिकारी बताउँछन् ।

हुन पनि कार्यकारी निर्देशक घिसिङले पछिल्लो समय 'डेडिकेटेड' तथा 'ट्रंक लाइन' सम्बन्धी विवादलाई प्राधिकरण र सरकारको हितमा दिगो समाधान खोज्नेभन्दा पनि आफ्नो राजनीतिक महत्वाकाङ्क्षा पूरा गर्न र आफू आबद्ध पार्टीको हितमा प्रयोग गर्न खोजिरहेका पछिल्ला उदाहरणहरूले प्रष्ट गर्छन् ।

पहिलो, सरकार कामचलाउ भइसकेपछि उद्योगको लाइन काट्ने काम । १७ असार २०८१ मा तत्कालीन सत्ता साझेदार एमाले-कांग्रेसबीच सत्ता साझेदारीको सहमति भयो । १९ असारमा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लियो । निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले २८ असारमा विश्वासको मत लिन संसदमा पत्राचार गरिसकेका थिए । प्रचण्ड सरकार ढलेर केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बन्ने निश्चित भइसकेको अवस्थामा घिसिङले २५ र २६ असारमा ६ वटा उद्योगको लाइन काटे ।

'त्यसअघि उद्योगको लाइन काट्ने कि नकाट्ने भन्ने विषयमा मन्त्रालयसँग समन्वय हुन्थ्यो, त्यसपटक त्यो केही भएन,' ऊर्जा मन्त्रालयका एक अधिकारीले त्यसबेला भनेका थिए, 'उहाँ प्रधानमन्त्रीसँग समन्वयमा काम गर्नुहुन्छ, उतै गर्नुभयो कि ?' त्यतिमात्र होइन, डेडिकेटेड र ट्रंक लाइन सम्बन्धी विवाद ५८ उद्योगसँग भए पनि ६ वटा उद्योगको छानीछानी लाइन काट्नु पनि प्रतिशोधपूर्ण भएको आरोप निजी क्षेत्रको थियो ।

नयाँ सरकार बनेपछि प्रधानमन्त्री ओलीले ४ साउनमा ऊर्जामन्त्री, सचिव लगायत राखेर सोही दिन उद्योगहरूमा लाइन जोडिदिन निर्देशन दिए । प्रधानमन्त्रीको निर्देशन बमोजिम सोही दिन ऊर्जामन्त्री नेतृत्वमा विद्युत् प्राधिकरण सञ्चालक समितिको बैठक बस्यो । तर, मन्त्रिपरिषद्को लिखित निर्देशन बेगर लाइन जोड्न नसकिने भन्दै घिसिङले केही निर्णय हुन दिएनन् । त्यसपछि ६ साउनमा विद्युत् नियमन आयोगले विवाद चलिरहेका बेला प्राधिकरणले लाइन काट्न नमिल्ने भन्दै तत्काल जोडिदिन लिखित निर्देशन दियो ।

*(स्रोत: अनलाइनखबर)*


## सेवा नै धर्म हो, रक्तदान जीवनदान

'मानव जीवना अतुलनीय, अनुकरणीय काम' भन्ने मुल मन्त्र भएको हदाँ AB± Positive Blood आवश्यकता परेको हुँदा सो ग्रुपको रगत भएको महानुभावले ब्लड बैंक हेटौंडामा यथाशिघ्र सम्पर्कमा आई रगत दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**सम्पर्क नं.**

**९८४५०२९९७७ (टंक दाहाल), ९८५५०६९३६८ (पुर्ण प्रसाद अर्याल)**





# थाहाबाट नेपाल सरकारको पहिलो सचिव बने रघुराम विष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/थाहा नगरपालिकाले पहिलोपटक नेपाल सरकारको सचिव पदमा एकजना प्राप्त गर्न सफल भएको छ । थाहा नगरपालिकाका रघुराम विष्ट नेपाल सरकारको सचिवमा बढुवा भएका छन् ।

८ कार्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेशका कायममुकायम प्रदेशप्रमुख सचिव विष्टलाई सचिवमा बढुवा गर्ने निर्णय गरेको हो । ज्येष्ठतामा एकल सिफारिस भएका विष्टलाई बढुवासँगै गण्डकी प्रदेशकै प्रदेशप्रमुख सचिवमा पदस्थापन गरिएको छ । लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीको अध्यक्षतामा मंगलवार सिंहदरवारमा बसेको बढुवा सिफारिस समितिको बैठकले वरिष्ठ सहसचिव विष्टको नाम सिफारिस गर्ने निर्णय गरेको थियो ।

निजामती सेवा ऐनअनुसार कार्यसम्पादन मूल्यांकन (८० प्रतिशत) का आधारमा हुने बढुवामा लगातार चार पटकसम्म एक सचिवका लागि तीन वरिष्ठ सहसचिव र पाँचौं पटक ज्येष्ठता (२० प्रतिशत) बाट एकजना मात्र ज्येष्ठ सहसचिवको नाम सिफारिस गर्ने व्यवस्था अनुसार सबैभन्दा ज्येष्ठ सहसचिव विष्टको नाम मात्रै सिफारिस भएको हो ।

# भीमफेदीमा इभी भ्यान र अटो ठोक्कियो, ५ जना घाइते




साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ भीमफेदी गाउँपालिका-६, पाङ्गेटार स्थित भीमफेदी-कुलेखानी-काठमाडौं सडकखण्डमा बिहीबार भएको सवारी दुर्घटनामा पाँच जना घाइते भएका छन् ।

हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र. ०३-००१ ज. ०६७३ नम्बरको इभी भ्यान र भीमफेदीबाट हेटौंडातर्फ आउँदै गरेको ना २ ह. ५१७२ नम्बरको अटो आपसमा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनामा अटोमा सवार पाँच जना व्यक्ति घाइते भएका छन् । घाइते हुनेमा अटोचालक, भीमफेदी गाउँपालिका-६, सिमलटार निवासी राजकुमार लामा (४१ वर्ष), यात्री पार्वती ब्लोन, हेटौडा उपमहानगरपालिका-१९, बस्तीपुर निवासी (२२ वर्ष), हेटौंडा-१ चौकीटोल निवासी अनिता स्याङ्बो (२४ वर्ष), आयान्सु स्याङ्बो (४ वर्ष) र सुर बिना गोले (८ वर्ष) रहेका छन् ।

घाइतेहरुको हेटौंडा अस्पताल र चुरेहिल अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनाका कारण दुवै सवारी साधनमा क्षति पुगेको भए पनि बाटोमा अवरोध नभएको प्रहरीले जनाएको छ ।

# 'केटी हराएको सूचना'को पोस्टरमा गम्भीर भावमा नाजिर र सृष्टि

काठमाडौं, ९ कात्तिक/ यही कात्तिक ३० गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'मिसिङ: केटी हराएको सूचना'को चरणबद्ध रुपमा पोस्टर तथा टिजर सार्वजनिक भइरहेका छन् । दुई चरणमा टिजर पछि शुक्रबार दोस्रो पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका दुई प्रमुख पात्र नाजिर हुसेन र सृष्टि श्रेष्ठलाई गम्भीर भावमा प्रस्तुत गरिएको पोस्टरले उनीहरुको मनोभाव दर्शाउँछ । पृष्ठभूमिमा अखबारको पृष्ठ छ, जसमा विभिन्न शीर्षकमा प्रकाशित छन् ।

फिल्मलाई दीपेन्द्र गौचनले निर्देशन गरेका हुन् । यो उनको पहिलो निर्देशकीय फिचर फिल्म हो । उनले ३२ वर्षअघि डकु-ड्रामा 'उजेली' निर्देशन गरेका थिए, जुन निकै चर्चित मानिन्छ । फिल्ममा उनी स्वयंको लेखन तथा निर्माण छ । फिल्मको कार्यकारी निर्माता भने नकिम उद्दिन हुन् । यसअघि सार्वजनिक दुईवटा टिजरले फिल्मको कथा रहस्यमयी रहेको बुझाउँछ । फिल्ममा नाजिर र सृष्टिसहित सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, अर्जुन पोखरेल, ओमप्रकाश कर्ण लगायतको पनि अभिनय छ भने अमितेष शाह विशेष भूमिका छन् ।


## २६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बहुउद्देश्यीय सहकारी संस्थाको २६ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको ब्यहोरोको सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराइसकिएको छ, कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी साधारणसभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम** :

मिति : २०८१/०७/१० गते शनिबार
समय : बिहान ११:०० बजे
स्थान : हेटौंडा-२, पल्पसा प्यारा‍डाइज होम

**छलफलका बिषयहरू** :

१. अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व.२०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. सञ्चालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा।
८. शेयर लाभांश एवम् संरक्षित पूँजी कोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकताअनुसार घर/घडेरी खरिद एवम् बिक्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. बिबिध ।

**नोट**: साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

ईश्वर पण्डित (सचिव)

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**

मुख्य कार्यालय, हेटौंडा-२, पल्पसारोड

फोन नं. ०५७-५२४९१६, ५२५९१७


# व्यवसाय संचालनमा संरचनाको महत्वमा मन्त्री तामाङको जोड



साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङले व्यवसाय संचालनमा संरचनाको महत्वमा जोड दिएकी छन् ।

उनले शुक्रवार काठमाडौंमा आयोजित व्यवसाय संवर्द्धन केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी अभिमूखीकरण कार्यक्रममा बोल्दै व्यवसायीले संरचनामा ध्यान दिएर काम गर्नुपर्ने आवश्यकता व्यक्त गरिन् । मन्त्री तामाङले भनिन्, 'यदि हामीले व्यवसाय गर्दा संरचनामा ध्यान दिएर काम गर्‍यौं भने त्यसको प्रतिफल राम्रो आउँछ । त्यसैले, व्यवसाय सुरुगर्नु अघि योजना बनाएर अघि बढ्नुपर्छ ।'

उनले विद्यालयस्तरबाटै व्यावसायिकता समेट्न सकेमा त्यसले सकारात्मक नतिजा दिने कुरामा विश्वास व्यक्त गरिन् । युवाको विदेश जानु बढ्दो समस्या भएको उल्लेख गर्दै मन्त्री तामाङले यसलाई रोक्न व्यवसायीले मद्दत गर्नुपर्ने आवश्यकता रहेको बताइन् । यसै क्रममा मन्त्रालयले लगानीमैत्री योजना तयार गरिरहेको पनि जानकारी दिइन् ।

कार्यक्रममा व्यवसाय कसरी सञ्चालन गर्ने र लगानीका स्रोतका विषयमा छलफल गरिएको थियो । औद्योगिक व्यवसाय विकास केन्द्रका कार्यकारी निर्देशक उमेशकुमार गुप्ताको सभाध्यक्षतामा भएको कार्यक्रममा मन्त्रालयका सचिव राजेन्द्र केसीसहितका उद्यमी उपस्थित थिए ।

# इन्द्रसरोवरका हाकिमको तीन महिनामा दुईपटक सरुवा

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की सरुवा भएका छन् । उनलाई ९ कार्तिकमा एक कार्यक्रमकाबीच पालिकाले विदाइ गरेको छ ।

गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी तथा उपाध्यक्ष उमाकुमारी लामाको उपस्थितिमा विदाइ गरिएको हो । प्रमुख प्रशासकीय अधिकृत कार्की भरतपुर महानगरपालिका सरुवा भएका हुन् । उनी भरतपुरमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा भएका हैनन् । कार्कीले भरतपुरमा कुनै शाखामा रहेर कार्यसम्पादन गर्नेछन् ।

करिब २ वर्ष प्रमुख प्रशासकीय अधिकृत भएर इन्द्रसरोवरमा काम गरेका कार्की गत ३१ भदौमा भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय वा अन्तर्गत रहने गरी सरुवा भएका थिए । सरुवा भएपनि कार्कीले इन्द्रसरोवरमै काम गर्दै आएका थिए ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सरुवा विवरण अनुसार कार्की भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय वा अन्तर्गतबाट भरतपुर महानगरपालिका सरुवा भएका छन् । यसैबीच इन्द्रसरोवर गाउँपालिकामा उमाकुण्ड गाउँपालिका रामेछापबाट रामचन्द्र लामा सरुवा भई आएका छन् । लामा हेटौंडा-२ का स्थायी बासिन्दा हुन् ।


## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालयद्वारा

## अव्यवस्थित केवल तारहरु हटाउने/व्यवस्थित गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

*(सूचना प्रकाशित मिति: २०८१ कार्तिक ९)*

यस हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र विभिन्न केवल नेटवर्क व्यवसायीहरुले आफ्नो मनोमानी रुपले नगरको मूख्य बजार क्षेत्रमा विद्युतिय पोलहरुमा अनाधिकृत र अव्यवस्थित रुपमा केवलतार टाँग्ने गरेको र त्यसबाट नगरको सौन्दर्यतामा आँच आउनुका साथै कुनै पनि समयमा दुर्घटना भई मानवीय एवं धनजनको क्षति हुन सक्ने हुँदा त्यस्ता व्यवसाय सञ्चालन गर्ने व्यवसायीले आफ्नो केवल तार व्यवस्थित गरी लैजाने व्यवस्था ७ (सात) दिनभित्र मिलाउनु हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। यस सूचनालाई बेवास्ता गरी नगरको सौन्दर्यमा आँच पुर्यानउने र संभावित दुर्घटना हुन सक्ने केवल तार उपमहानगरपालिका स्वयंले हटाई त्यसको हटाउँदा लागेको लागत सम्बन्धित व्यवसायीबाट असुलउपर गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**हेटौंडा उपमहानगरपालिका**


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७९४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७


साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना